




हात्ती लखेट्‌दा चारैतिरबाट घेरा हाल्नु हुँदैन, भाग्ने बाटो नपाएमा हात्ती आत्तिएर मान्छेलाई आक्रमण गर्न सक्छ । संधै हात्ती भाग्ने बाटो छोड्‌नु पर्छ।







हात्तीको धेरै नजिक जानु हुँदैन । हात्तीलाई चोटपटक लाग्ने गरी आक्रमण गर्नु हुँदैन, यसो गर्दा हात्ती झ्न रिसाउने र बढि विनाश गर्न सक्छ ।







रातिमा जाँड रक्सी खाएर बाहिर हिड्न हुँदैन । खानेकुरा राखेको ठाउँ नजिकै सुत्नु हुँदैन ।
घरमा जाँड रक्सी राख्नु हुँदैन ।






तारबार नियमित रुपमा मर्मत संभार गरी हात्तीलाई वस्ती क्षेत्रमा पस्नबाट रोक्नु पर्छ । हात्ती आएको खण्डमा यस सम्बन्धी जानकारी आवश्यकता अनुसार दिई सबैलाई सर्तक गर्नुपछ ।



हात्तीलाई मन पर्ने खानेकुराहरु जस्तैः मकै, केरा, धान आदि जंगल छेउका क्षेत्र तथा हात्तीले पानी खान जाने क्षेत्रमा लगाउनु हुँदैन । यस्ता क्षेत्रमा हात्तीलाई मन नपर्ने खेति जस्तैः कागती, निबुवा, मेन्था आदि लगाउनु राम्रो हुन्छ ।






समुहमा मचानहरु बनाई हात्तीको गार्ड गर्नु पर्छ । मचानको वरिपरि खाल्डो खनेर सुरक्षित रहनुपर्छ ।

# हातीसंग सहयात्रा

## हात्तीसम्बन्धि जानकारी तथा
## स्थानीयस्तरमा अबलम्बन गर्नुपर्ने व्यवहारिक उपायहरु



Rufford Small Grant को आर्थिक सहयोगमा
चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा र
राष्ट्रिय प्रकृति संरक्षण कोष, जैविक विविधता
संरक्षण केन्द्र, सौराहाद्वारा प्रकाशित

NTNC

The Rufford Small Grants Foundation
www.ruffordsmallgrants.org

## परिचय




भीमकाय शरीर, पाँच टन सम्म वजन र करिब ३ मीटर अग्लो हुने हाती जमीनमा पाईने सबैभन्दा ठूलो जीव हो । अफ्रिकी तथा एसियाली गरी हातीका दुई प्रजाति रहेका छन्। अफ्रिकी हात्ती अफ्रिकामा करीब १ लाखको सँख्यामा रहेका छन् भने एसियाली हात्ती नेपाल लगायत एसियाका १३ देशमा करीब ३५ - ५० हजारको संख्यामा रहेका छन्।


पछिल्लो समयमा वासस्थान विनाश, चोरीशिकार तथा मान्छे सँगको द्वन्दका कारणले हातीको संख्या तिब्रतर दरले घटिरहेकाले हात्ती ठूलो संकटमा परेका छन्। नेपालका तराई तथा चुरेक्षेत्रमा पुर्व मेची देखि पश्चिम महाकालीसम्म नै हातीहरु ले परापूर्वकालदेखि विचरण गर्ने गरेको पाईन्छ। हाल नेपालमा करिब २०० हातीहरु छुट्टाछुट्टै चारवटा झुण्ड १) कोशी देखि झापासम्म (७-१५), २) चितवन देखि सर्लाहिसम्म (२५-५०), ३) बर्दिया (८०-१००) अनि ४) शुक्लाफाँटा (१०-१५) मा रहेका छन्।

## शारीरिक बनौट तथा बानीव्यहोरा

हाती भन्ने बितिकै भीमकाय शरीर, ठूला कान, साना आँखा, बहुउपोगी सूँड र बाहिर निस्केका दाह्रा भएको जनावरको चित्र हाम्रो दिमागमा आउँछ। हातीको सूँड विशेष अँग हो जो सास फेर्ने, टाढाको गन्ध सुँघ्ने, पानी पिउने, खानेकुरा समेटेर मुखमा हाल्ने आदि कामका लागि प्रयोग हुन्छ। यो जति संवेदनशील हुन्छ, त्यति नै बलियो पनि। यसले भूँईबाट सानो भन्दा सानो चिज (जस्तै सिक्का) देखि ठुला(ठुला काठ तथा गह्रौ वस्तु पनि पनि उठाउन सक्छ। भाले हातीका बाहिर निस्केका लामा दुईवटा दाह्रा हुन्छन् भने पोथीको दाँह्रा अलिकति मात्र बाहिर निस्केको हुन्छ।

हातीको औसत आयु ६०-८० वर्ष हुन्छ। पोथी ८-१० वर्षको हुँदा पहिलो गर्भाधारण योग्य हुन्छ भने भाले १५ वर्षको हुँदा प्रजननयोग्य हुन्छ। हातीको देख्ने शक्ति मध्यम हुन्छ तर सुन्ने र सुँघ्ने शक्ति अत्यन्तै राम्रो हुन्छ। एकआपसमा संचारका लागि तथा समुहको  सुरक्षाको लागि हातीले विभिन्न खाले आवाजहरु निकाल्छन् । जोडले निकालेको आवाजले विरोध जनाउँदछ भने सानो तथा दबेको स्वरले खुसी जनाउँछ। त्यस्तै सुँडलाई फड्कारेर वा जमीनमा बजारेर निकाल्ने आवाजले भय जनाउँछ।

हाती सामुहमा बस्ने प्राणी हो। सामान्यतया समुहमा मत्ता (भाले), ढोई (पोथी) तथा छावा (बच्चा) हरु गरी १०-१५ हाती हुन्छन् जसको नेतृत्व एउटा पोथी हातीले गरेको हुन्छ। कतिपय अवस्थामा मत्ताहातीहरु एक्लै पनि हिड्ने गरेको भेटिन्छ।




हाती साकाहारी जनावर हुन्। ठूलो शरिर र पाचनशक्ति कमजोर हुने हुनाले यिनिहरुलाई नियमित रुपमा खाईरहनु पर्दछ जसका लागि करिब ८०% समय व्यतित गर्दछन्। त्यसैले हातीलाई बासस्थानको लागि ठूलो क्षेत्र आवश्यक पर्दछ। खाना, पानी आदिको अवस्था, मौसम हेरी यिनिहरु नियमित रुपमा एक ठाँउबाट अर्को ठाँउमा बसाई सराई गर्दछन्। यसरी बसाई सराई गर्न यिनीहरुले प्राय जसो एउटै बाटो प्रयोग गरेको पाईन्छ। कतिपय यस्ता बाटाहरुको विनाशका कारण हातीको परम्परागत विचरण प्रकृयामा असर परेको तथा मान्छेसँग द्वन्दमा पर्ने गरेको पनि देखिन्छ।

## कानुनी प्रावधान

हाती राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनद्वारा संरक्षित जनावर हो । CITES को अनुसूची-१ मा सूचीकृत भएकाले जँगली हाती तथा यसको अँगहरुको अन्तराष्ट्रिय व्यापारमा पूर्ण रोक लगाएको छ।

त्यस्तै नेपालमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले संरक्षितको सूचीमा राखेको छ जसको दफा २६ (१) अनुसार गैरकानुनी तरिकाले जंगली हात्तीलाई मार्ने, घाइते बनाउने तथा ओखेटोपहार राख्ने, खरिद गर्ने वा बिक्री गर्ने व्यक्तिलाई पचास हजार रुपैयाँदेखि एकलाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजायँको व्यवस्था गरेको छ। हात्तीले आक्रमण गरी घाइते वा मृत्यु भएमा, घर गोठ भत्काएमा वा अन्य क्षति गरेमा राहत निर्देशिका २०६९ अनुसार राहतको समेत व्यवस्था गरेको छ।

## हात्तीले गर्ने क्षति र कारणहरु



हात्तीहरु जंगलबाट खेतवारी र गाउँमा निस्केर खेतिवाली वा संग्रहित अन्न खाईदिने, घरगोठ भत्काउने, घाइते बनाउने वा मार्ने क्रम केही दशकयता वृद्धि हुँदै गएको छ। कहिलेकाही गाउँलेहरुले पनि हात्तीलाई घाइते पार्ने वा मार्ने समेत गरेको पाइन्छ। प्रायजसो यस्ता घटना हात्तीले परापूर्वकालदेखि विचरण गर्ने गरेका वनक्षेत्र विनाश गरी बसालिएका बस्तीहरुमा बढी हुने गरेका छन्। जँगलमा आहाराको मात्रा कमी हुने मौसममा हात्तीलाई मनपर्ने खालका खेतिबालि जँगलनजीक रोपिएको स्थानहरुमा पनि हात्तीले क्षति गरेको भेटिन्छ। कहिलेकाहिँ एउटा जंगलबाट अर्को जंगलमा जाँदा बीचमा पर्ने वस्तीमा पनि हात्तीले केही नोक्सानी गर्ने गर्छन। त्यसैले हात्तीले क्षति गर्नुमा हात्तीप्रतिको हाम्रो व्यवहार तथा क्रियाकलाप पनि कारक छ भन्ने स्वीकार गर्न जरुरी छ।

## हात्तीले मानवीय क्षति गर्नाका कारणहरु:

- हात्तीको बासस्थान र विचरण मार्गको विनाश तथा क्षयीकरण।
- मानवीय चाप-चरिचरण र घाँस दाउराका लागि वनमा निर्भरता।
- जनचेतनाको कमी तथा लापर्बाही-हात्तीको आनिबानि तथा हात्तीबाट जोगिने उपायहरुको बारेमा जानाकारी नहुनाले तथा मान्छेहरुको लापर्बाहीको कारण बढि मानवीय क्षति हुने गरेको।
- हात्तीप्रतिको व्यवहार-हात्तीलाई चोट लाग्ने गरी आगो वा भाला लगाएतका हातहतियारको प्रयोगले हात्तीलाई अझै रिसाहा र मान्छेप्रति आक्रामक बनाउने गरेको।
- खेतीमा पल्कने-वनमा आहाराको कमी भएमा हात्ती छिट्टै अघाउन र मिठो आहारा जस्तै धान, उँखु, मकै आदि खोज्न खेतीमा आउन सक्छ।
- अन्य कारणहरु-घरेलु मदिरा र नुन हात्तीलाई धेरै मन पर्छ र यसको लोभले पनि हात्ती बस्तीमा छिर्ने गर्छ।

## हात्तीसंग सहयात्रा

लोपोन्मूख तथा बहुमूल्य जनावर भएकाले हात्तीको संरक्षण राष्ट्रिय प्राथमिकता हो। साथै हात्तीबाट जीउधनको क्षति हुन नदिनु पनि हात्ती संरक्षणको अर्को पाटो हो। हात्ती एक शान्तिप्रिय जनावर हो। स्वभावैले यिनीहरु मानिसदेखि टाढै बस्न रुचाउँछन्। पूर्ण शाकाहारी भएकाले आहाराको लागि मान्छे तथा अन्य जनावर मार्ने आवश्यकता देखिँदैन। तर पनि हात्तीहरु किन बस्तिमा आउँछन् र क्षति गर्छन् । हात्तीबाट हुनसक्ने हानीबाट जोगिन के गर्नुपर्छ, यस्ता विषयहरुमा हामी सबै सचेत हुनु जरुरी छ। जँगलछेउ बस्ने बासिन्दाहरुले हात्तीसँग मिलेर बाँच्ने कला सिक्न सकेमा दुवै प्राणी मिलेर बच्न सक्छन्। हात्तीसँग सहयात्राका लागि निम्न अनुसारका सतर्कताहरु अपनाउनु पर्छ।


- हात्ती कता छ जानकारी राख्ने, आफू सुरक्षित रहनेगरी मात्र हात्तीलाई लखेट्ने । एक्लै नहिड्ने, धेरै नजिक नजाने । हात्ती लखेट्दा समुहमा जाने, ठूलो टर्च वा आगोको मूवका आदि लिने ।





- हात्तीलाई लखेट्दा चारैतिरबाट घेरा नहाल्ने। भाग्ने बाटो नपाएमा हात्ती आत्तिएर मान्छेलाई आक्रमण गर्न सक्छ । सधै हात्तीलाई भाग्ने बाटो छोड्ने ।





- धन भन्दा ज्यान ठूलो हो । हात्तीको आएको थाहा पाउनासाथ सकेसम्म छिटो सुरक्षित स्थानमा बस्ने । अन्न, खेति वा घर भन्दा पहिले ज्यान जोगाउने । आफू तथा परिवारका सबै सुरक्षित भएपछि मात्र हात्ती लखट्ने ।
- मदिरा सेवन नगर्ने तथा त्यस्तो सेवन गरी रातीमा नहिँड्ने । सुत्ने ठाँउ नजिक खानेकुरा नराख्ने। जाँड रक्सी घरमा नराख्ने ।
- चम्किलो लुगा लगाएर जँगल नजाने। जँगल जाँदा समुहमा जाने, हल्ला नगर्ने, चनाखो रहने, हात्तीको पाईला, दिशा तथा चरेको चिन्हहरु ख्याल गर्ने । हात्ती देखेमा नआत्तिने, सजगताका साथ सुरक्षित स्थानतर्फ लाग्ने ।
- अत्तरको प्रयोग गरेर हात्ती भएको ठाउँमा नजाने, चुरोट नखाने ।
- घर बाहिर बिजुली वत्ती वा आगो बालेर उज्यालो राख्ने ।
- घर नजिक झाडी राखेमा आएको हात्ती देख्न गाह्रो पर्छ । त्यसैले बाँस, केरा, कटहरजस्ता झाडी हुने रुख घर नजिकै नलगाउने ।
- आखाँको तलबाट माद निस्के ननिस्केको ख्याल गर्ने । मातेको बेलामा हात्ती मानिससंग डराउँदैन, आवश्यक सजगता अपनाउने ।
- खेतिपातीमा परिवर्तन-हात्तीलाई आकर्षित गर्ने खेतीबाली-धान, मकै उखु आदि) को साटो मन नपर्ने बालि (आलु, तेलहन, मेन्था, जुट, कागती, सुर्ति पिँडालु आदि) लगाउने ।
- आफ्नो क्षेत्रको विद्युतीय तारबारको नियमित मर्मतसंभार गर्ने। जंगली हात्ती नियन्त्रणका लागि विद्युतीय तारबार सबैभन्दा उत्तम मानिन्छ ।

**थप जानकारीको लागि:**
चितवन राष्ट्रिय निकुञ्ज कार्यालय-कसरा, सम्बन्धित निकुञ्ज आरक्ष वा वन कार्यालयहरुमा सम्पर्क गर्नु होला ।